# गर्भपतनमा युवाको पहुँचका लागि युवा

नेपालमा सुरक्षित गर्भपतनका लागि युवाले गरेको पैरवीको एक झलक

Visible Impact




A Success Booklet

**लेखक**
मेधा शर्मा

**समीक्षक**
शिल्पा लामिछाने
सबिना पोखरेल
प्रतिज्ञा कायस्थ

**लेआउट डिजाइनर**
सिल्भर ब्याक टेक्नोलोजी
यो प्रतिवेदन Safe Abortion Action Fund (SAAF) बाट सहयोग प्राप्त परियोजना अन्तर्गत तयार गरिएको हो।
मार्च २०२२

© प्रतिलिपि अधिकार आरक्षित

थप जानकारीका लागि सम्पर्क
भिजिबल इम्प्याक्ट
२१२/४८ धापासी मार्ग
बसुन्धारा, काठमाण्डौ
**www.visim.org**
**mail.visim@gmail.com**

# हामी को हौ ?

युवा महिलाहरुको नेतृत्वमा सञ्चालित संस्था भिजिबल इम्प्याक्टको उद्धेश्य लाभ ग्राहीहरुसँगको साझेदारीमा सिर्जनशील अभ्यास मार्फत महिला, किशोरी र युवाहरुको सामाजिक तथा आर्थिक नेतृत्व विकास गरि उनीहरुको जीवनमा देख्न सकिने प्रभाव पार्नु हो । भिजिबल इम्प्याक्टले ३ मुख्य मुद्दाहरुमा काम गर्दै आइरहेको छ- महिला र किशोरी अभियान, नयाँ पुस्ताको नेतृत्व बिकास, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार ।

Safe Abortion Action Fund (SAAF) विशेष रुपमा सुरक्षित गर्भपतनको अधिकारमा केन्द्रित एक मात्र विश्वव्यापी कोष हो । अहिले सम्म साफले विश्वभरिका ७३ देशहरुमा रहेका २१० संस्थालाई ५६ मिलियन डलर प्रतिबद्धता गरिसकेको छ । साफले न्यून र मध्य आय भएका देशका संस्थालाई गर्भपतन पैरवीको अभियान, अनुसन्धान, धारणा रुपान्तरण, सुरक्षित र उच्च गुणस्तरीय गर्भपतनको सेवाका लागि आर्थिक सहायता प्रदान गर्दै आएको छ।

## लक्ष्य

नेपालका युवाहरुमा गुणस्तरीय, लान्छनामुक्त, युवामैत्री सुरक्षित गर्भपतन सेवा र सुचनाको पहुँच पुर्याउनु

## उद्देश्य १

मार्च २०२२ सम्ममा नेपालका सातै प्रदेशका १६-२९ वर्षका ३५ युवाहरुको क्षमता बढाउनु, स्थानीय तथा प्रदेश तहमा गुणस्तरीय, लान्छनामुक्त र युवामैत्री सुरक्षित गर्भपतन सेवाका लागि पैरवी गर्नु

## उद्देश्य २

मार्च २०२२ सम्ममा स्थानीय र प्रदेश तहका युवाहरुमा सुरक्षित गर्भपतनबारे जानकारी बढाउनु र यसप्रति रहेका नकारात्मक धारणामा परिवर्तन ल्याउनु

## उद्देश्य ३

मार्च २०२२ सम्ममा स्थानीय तथा प्रदेश तहका मिडियाकर्मीलाई सुरक्षित गर्भपतनको महत्त्वबारे बुझाउनु र यसप्रति रहेका नकारात्मक धारणामा परिवर्तन ल्याउनु

## उद्देश्य ४

मार्च २०२२ सम्ममा भएका उपलब्धि, उत्कृष्ट अभ्यास र सिकाइहरुको दस्तावेजीकरणबाट अझ प्रभावकारी पैरवीको बाटो सिर्जना गर्नु

# हाम्रा प्रभावहरु








- ३५ युवा अभियन्ताको छनोट र तालिम प्रदान गरिएको
- सातै प्रदेशमा पहुँच विस्तार भएको
- दुई प्रगतिशील नीतिगत दस्तावेज तयार गरिएको
- सातै वटा प्रदेशका प्रादेशिक इस्यु वृफ तयार गरिएको
- औसतमा ८७% ले सुरक्षित गर्भपतनको ज्ञान वृद्धि भएको
- सुरक्षित गर्भपतन प्रतिको धारणामा २०% सकारात्मक परिवर्तन आएको
- युवा अभियन्ताको सहभागिता र नेतृत्वमा नीति निर्मातासँग ३ वटा लबी बैठक सम्पन्न गरिएको
- सातै प्रदेशबाट १६ मिडियाकर्मीलाई मिडिया फेलोशिपको तालिम प्रदान गरिएको
- सुरक्षित गर्भपतन सम्बन्धी ५६ वटा तथ्यपरक सञ्चार सामाग्रीहरु प्रकाशित गरिएको
- ९ वटा फोरममा नीति निर्माताद्वारा सुरक्षित गर्भपतन सम्बन्धी सकारात्मक टिप्पणी प्राप्त गरिएको
- ९१ वटा सामुदायिक कार्यक्रमहरुबाट २६७८ जनामा कार्यक्रमको पहुँच पुगेको
- रेडियो पिएसए द्वारा ९८ लाख, अडियो नाटक श्रृंखलाद्वारा २ लाख, टेलिभिजन पिएसए द्वारा २ लाख र अडियो नाटक श्रृंखला द्वारा ५८ लाख जनसङ्ख्यामा पहुँच पुगेको
- ४१६५ वटा सूचना पुस्तिका वितरण भएको
- ५०० स्टिकरहरु वितरण गरिएको
- १ मिडिया टुलकिट तयार गरिएको
- वेबीनार श्रृंखलामा १५० भन्दा बढी सहभागीहरुको उपस्थिति रहेको
- १ लाख ११ हजार युएस डलर लगानी भएको

# मुख्य गतिबिधि

## प्रादेशिक युवा अभियन्ता छनोट र सुरक्षित गर्भपतनबारे अनलाइन तालिम सञ्चालन

खुल्ला आवेदन र विभिन्न युवा नेटवर्क मार्फत सात प्रदेशबाट ३५ जना युवा अभियन्ता छनोट गरिएको थियो। ३५ जना मध्ये विभिन्न भूगोल, जाति, आर्थिक स्थिति, शैक्षिक पृष्ठभूमिलाई प्रतिनिधित्व गर्ने गरि ६९% महिला र ३१% पुरुष युवा अभियन्ताहरु छनोट भएका थिए। नागरिक समाज संस्था र सामाजिक कार्यमा सक्रिय स्वास्थ्य सेवा प्रदायकहरु जस्तै हेल्थ असिस्टेन्ट, नर्स तथाविद्यार्थी युवावर्गलाई अभियन्ताका रुपमा छनोट गरिएको थियो।

युवा अभियन्ताहरुलाई सुरक्षित गर्भपतनको अनलाइन तालिम दिइएको थियो जसमा दुई समूह गरि एक महिनामा आठ अनलाइन सत्रहरु सञ्चालन भएका थिए। अभियन्ताहरुलाई स्थानीय अभियान सञ्चालन, सार्वजनिक संवेदनशीलता कार्यक्रम, लबी बैठक आयोजनाबारे प्रशिक्षण दिनुका साथै सुरक्षित गर्भपतन सम्बन्धि Value Clarification and Attitude Transformation (VCAT) प्रदान गरिएको थियो।



**तस्विर १- युवाका लागि अनलाइन बुटक्याम्प**

पहिला भौतिक रुपमा सञ्चालन गर्ने योजना भएको तर कोरोना महामारीका कारण अनलाइन गर्नुपर्ने भएता पनि तालिम पुस्तिकालाई अनलाइन संस्करणमा परिमार्जन गरि सत्रको प्रभावकारिता सुनिश्चित गरिएको थियो। अनलाइन सत्रलाई कम इन्टरनेट डाटा उपभोग गर्ने माध्यमहरुद्वारा अन्तरक्रियात्मक छलफल, सहभागी केस अध्यनन, रोल प्ले, ब्रेकआउट छलफल प्रयोग गरी युवा मैत्री बनाइएको थियो। तालिमको अन्त्यमा सम्पूर्ण सहभागीले आफूमा सामुदायिक सत्र र लबी बैठक सञ्चालन गर्न आत्मविश्वास बढेको बताएका थिए ।

## निरन्तर मेन्टोरसिप र अनुगमन




**तस्विर २- प्रादेशिक युवा अभियन्तासँग मध्यवधि समिक्षा र रिफ्रेसर कार्यशाला**

प्रशिक्षणको प्रभावकारिता बढाउन २०२१ मार्चमा काठमाडौंमा ३ दिने आवासिय समीक्षा र रिफ्रेसर कार्यशाला आयोजना गरिएको थियो। यसले सहभागीलाई एक अर्कासँग भौतिक रुपमा भेट्ने, एक अर्कासँग अनुभव साटासाट गर्ने, आफ्नो कार्ययोजना परिमार्जन गर्ने साथै सुरक्षित गर्भपतनका प्राविधिक पक्ष, पैरवी र लबी बैठक आयोजना, गर्भपतन र लैङ्गिकता बीचको सम्बन्ध जस्ता विषयमा छलफल र समीक्षा गर्ने अवसर प्रदान गरेको थियो।

यसका साथै आयोजक टिमले निरन्तर अनुगमनबाट हरेक युवा अभियन्तालाई उनीहरुको समस्या निवारणको लागि सहायता प्रदान गरेका थिए। मेसेन्जर समूह निरन्तर संवादको माध्यमका रुपमा रहेको थियो भने समीक्षा बैठकले अन्तरप्रादेशिक सिकाइको अवसर दिएको थियो । कार्यक्रम
आयोजक टिमले युवा अभियन्ताहरुले सञ्चालन गरेका अनलाइन सत्रमा भाग लिई प्रतिकृया दिएका थिए। अभियन्ताहरुलाई सुरक्षित गर्भपतनको मुद्दामा सक्रिय गराइरहन निरन्तर अवसरहरु, पठनपाठन सामाग्री र अनुभवहरु आदनप्रदान गरिएको थियो ।

सत्र अवलोकन गर्न, सहयोग र प्रतिक्रिया दिन सातै प्रदेशमा अनुगमन भ्रमण पनि गरिएको थियो ।

# युवा नेतृत्वद्वारा सञ्चालित सुरक्षित गर्भपतन सम्बन्धि सामुदायिक अभियान

बुटक्याम्प पछि युवा अभियन्ताहरुले आफ्नो प्रदेशमा सामुहिक कार्यक्रम सुरु गरेका थिए। ९१ सामुदायिक कार्यक्रमहरुमा २६७८ जनाको सहभागिता रहेको थियो।

प्रत्येक कार्यक्रम लगभग एक घण्टाको थियो। सत्रहरु प्रदेशका युवाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरि बनाइएको थियो र छलफलका मुख्य विषयहरु यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार, गर्भनिरोधक र सुरक्षित गर्भपतनको सम्बन्ध, गर्भपतनप्रतिका गलत धारणा र मिथक, यसका राष्ट्रिय प्रावधान, सुरक्षित गर्भपतनका विधिहरु, यसबारे नेपालको अहिलेको अवस्था, गर्भपतन प्रति लान्छना, र यसमा पुरुषको भुमिका आदि रहेका थिए ।

अझै पनि ग्रामिण समुदायका महिलाहरुले गर्भपतनका लागि परम्परागत विधि जस्तै कुबिन्डोको जरा र तिखो लामो झिर जस्तो औजारको प्रयोग गर्ने गरेका छन्।




**तस्विर ३- सुदुरपश्चिम प्रदेशका महिला स्वास्थ्य स्वयंसेविका र सरोकारवालासँग सामुदायिक सत्र**

सामुदायिक सत्रमा महिला स्वास्थ्य स्वयंसेविका, विद्यालयका किशोर किशोरी, गाउँपालिका र नगरपालिकाका समुदाय, नर्स, स्वास्थ्यकर्मीहरुको सहभागीता थियो। सहभागीहरु विविध जाति, भूगोल, शारिरीक क्षमता, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, आर्थिक अवस्थालाई प्रतिनिधित्व गर्ने गरि समावेश गरिएको थियो। सहभागीहरु युवा अभियन्ताहरुको चिनजान र समुदायको आवश्यकताका आधारमा छनोट गरिएका थिए .




लकडाउनका समयमा यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धि सेवाहरु ओझेलमा पर्ने सम्भावना भएकाले युवाहरुले यसका छलफललाई निरन्तरता दिन सत्रलाई अनलाइन माध्यमबाट सञ्चालन गरेका थिए।

**तस्विर ४- गर्भपतनमा अनलाइन युवा सत्र**

सामुदायिक सत्रहरुले समुदायका मुद्दाहरु उठाउन मात्र नभएर गर्भपतनको कानुनी र स्वास्थ्य प्रावधानबारे चेतना फैलाउन र भ्रम चिर्न सहयोग पुर्याए। अधिक युवा अभियन्ताहरुले समुदायले सत्रलाई सकरात्मक रुपमा लिएको बताए । नेपालमा धेरै मानिसहरुमा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ बारे जानकारी नभएकाले युवा अभियन्ताहरुले सामुदायिक सत्रलाई अवसरका रुपमा लिई यस ऐनका बारेमा समुदाय र स्वास्थ्यकर्मीलाई सचेत गराइरहेका छन् ।



***Picture 5 | Comminuty session at Sudurpaschim Province***

गर्भपतनको विषयमा गर्भनिरोधक साधनको महत्वबारे बुझाउने सत्र निकै उपयोगी थियो किनभने युवाहरुमा विवाह पूर्व यौन सम्पर्कको बढ्दो प्रचलन रहेको छ जसले अनावश्यक गर्भावस्था र असुरक्षित गर्भपतन निम्त्याउँछ।

**- महिला स्वास्थ्य स्वयंसेविका, सुदुरपश्चिम प्रदेश**


औषधीद्वारा गरिने गर्भपतन सम्बन्धि मलाई जानकारी थिएन। औषधीबाट मात्रै पनि गर्भपतन सम्भव छ भन्ने मलाई थाहा थिएन। मलाई गर्भपतन शल्यक्रियाबाट मात्र हुन्छ भन्ने लाग्थ्यो । यसबारे थाहा भएपछि मलाई यो सत्रमा भाग लिएकोमा खुसी लाग्यो।

**- सामुदायिक सत्रका एक युवा सहभागी**

युवा अभियन्ताहरुले सरकारी स्वास्थ्य संस्थाहरु, नेपाल परिवार नियोजन संघ, मेरि स्टोप्स नेपाल जस्ता संघसंस्था, विभिन्न विद्यालय र विश्वविद्यालयहरुसँग सहकार्य गरि सरोकारवालाहरुको यस विषयप्रति अपनत्व बढाउने प्रयास गरे।

साथै, सी डिसाइस्ड नेपाल (She Decides Nepal) अभियानको साझेदारको रुपमा भिजिबल इम्प्याक्टले वियोन्ड बेइजिङ कमिटी नेपाल (BBC Nepal) र राइट हियर राइट नाउ (Right Here Right Now) सँग समन्वय गरेर एक ओपन हाउस कार्यक्रमको आयोजना गरेको थियो । ३० सेप्टेम्बर, २०२० को ओपन हाउसमा युवाहरुलाई लक्षित गरेर सुरक्षित गर्भपतनका विभिन्न पक्षमा गहन छलफल, पोडकास्ट र कविता वाचनजस्ता क्रियाकलापहरु सञ्चालन भएका थिए। सुरक्षित गर्भपतन सप्ताहमा हु डिसाइड्स? (Who Decides?) अभियानको फेसबुक पेजबाट दुई लाइभ सत्र आयोजना गरिएको थियो जसमा महामारीको बीचमा सुरक्षित गर्भपतनको अवस्था र यसको लैङ्गिक दृष्टिकोणबारे विश्लेषण गरियो।

## चेतना वेबिनार




**तस्विर ६ गर्भपतन र अपाङ्गतामा वेबीनार**

मलाई जो आफुलाई महिला भनेर पहिचान गराउँदैनन् उनीहरुलाई पनि गर्भपतन आवश्यक पर्छ भन्ने थाहा थिएन। मैले पहिला पनि गर्भपतन सम्बन्धी सत्र लिएकी थिएँ तर गर्भपतन र लैङ्गिक पहिचान सम्बन्धी सत्र मेरो लागि नयाँ थियो ।

**- रिना भगत, नर्सिङ प्रशिक्षक युवा**

युवा अभियन्ताहरुले नेतृत्व गरेको सामुदायिक अभियानलाई अगाडि बढाउन र धेरै युवाहरुमा पहुँच बढाउन अनलाइन वेबिनार सञ्चालन गरियो। यौनिकता, अपाङ्गता, डिजिटल पैरवी, लिंग पहिचानको आधारमा गरिने गर्भपतन अन्तरसम्बन्धित मुद्दाहरुमा चारओटा वेबिनार सञ्चालन गरियो। यसमा यौन व्यवहार, गर्भनिरोधक साधन, यौन हिंसा, यौनिक अभिमुखीकरण, वृहत् यौनिकता शिक्षा, कानुन, धर्म, संस्कृति, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार नीतिमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व जस्ता मुद्धाहरु समेटिएका थिए। यसका सहजकर्ता यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा काम गर्ने युवा अभियानकर्ताहरु थिए। ज्ञान र धारणामा आएको परिवर्तनको मुल्यांकन गर्न सत्रको अगाडि र अन्त्यमा प्रि र पोस्ट टेस्ट गरिएको थियो .

## लबी बैठक

प्रदेश १, बाग्मती प्रदेश र सुदुरपश्चिम प्रदेशका सम्बन्धित सरोकारवालाहरुसँग ३ वटा लबी बैठक आयोजना गरियो जसमा प्रादेशिक नीति र कार्यक्रमहरुमा सुरक्षित गर्भपतन र युवासँग सम्बन्धित मुद्दाबारे छलफल भयो। यी बैठकहरुले प्रादेशिक सरोकारवालाहरुलाई सुरक्षित गर्भपतनमा युवाको आवश्यकताबारे संवेदनशील गराउने र प्रदेशमा युवाहरुलाई सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सहज वातावरण सिर्जना गर्ने प्रतिबद्धता बढाएका छन्।

धनगढी उपमहानगरपालिकाको वडा नं ५ की एक प्रतिनिधिले उहाँ विभिन्न गैरसरकारी संस्थाको कार्यक्रममा बसेको भएपनि सुरक्षित गर्भपतनको कार्यक्रममा अहिलेसम्म सहभागी नभएको बताउनु भयो। उहाँले असुरक्षित गर्भपतनको तथ्यांक चिन्ताजनक भएको र सामुदायिक स्तरमा यस्ता कार्यक्रम आवश्यक रहेको बताउनु भयो।

प्रदेश १ मा सरोकारवालाहरुले युवाहरुका लागि युवा अभियन्तासँग मिलेर सुरक्षित गर्भपतनको सामुदायिक सत्रहरु सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे। बागमती प्रदेशमा स्वास्थ्य मन्त्रीले वक्तव्य दिएका थिए, “हामीले युवा मुद्दाहरुलाई गम्भिरताका साथ लिएका छौँ। त्यसैले हामी आजको बैठकमा सहभागी भएका हौँ। हामी सबैलाई एकसाथ ल्याएर यस विषयबारे छलफल गराउनु भएकोमा धन्यवाद, यसले अर्को आर्थिक वर्षको बजेट तर्जुमा गर्न ठूलो सहयोग पुर्याउने छ।” यसैगरि, धनगढी उपमहानगरपालिकाले अर्को आर्थिक वर्षमा सुरक्षित गर्भपतनका कार्यक्रमको लागि बजेट सुनिश्चित गर्ने प्रतिबद्धता जाहेर गरेको थियो।





**तस्विर ७ - प्रदेश १ र सुदूरपश्चिम प्रदेशमा लबी बैठक**

## प्रादेशिक इस्यु ब्रिफ

सरोकारवालाहरुलाई आफनो प्रदेशको सुरक्षित गर्भपतन स्थितिबारे संवेदनशील बनाउन र यसबारे जानकारी दिन प्रादेशिक इस्यु ब्रिफ तयार गरि सातै प्रदेशमा वितरण गरियो। इस्यु ब्रिफ सातै प्रदेशका सेवा प्रदायक, गर्भपतन गराएका महिलाहरु, नीति निर्माता आदि सँगको अन्तर्वार्ताको आधारमा विकास गरिएको थियो। इस्यु ब्रिफमा प्रदेशको पृष्ठभूमि, सुरक्षित गर्भपतनको मुद्दाहरुमा प्रकाश पार्ने र यसमा आधारित सुझावहरु समावेश गरिएको छ। यस इस्यु ब्रिफ सुरक्षित गर्भपतनको पैरवी र छलफलका लागि उपयोगी कागजातका रुपमा काम गर्नेछ।

## सुचना, शिक्षा र सञ्चार सामाग्रीद्वारा जनसंवेदनशीलता




तस्विर ८- भिजिबल इम्प्याक्ट द्वारा तयार गरिएको बुकलेट

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँग समन्वय गरि सुचना, शिक्षा र सञ्चार पुस्तिकाको विकास गरियो। यो दुई पानाको पुस्तिकामा युवाहरुमा सुरक्षित गर्भपतन सम्बन्धी जानकारीको पहुँच बढाउन नेपाली भाषामा युवामैत्री चित्र सहितको जानकारी जसमा सुरक्षित गर्भपतनको कानुनी प्रावधान, वेबसाइटको लिंक, सामाजिक सञ्जाल पृष्ठहरु र टोल फ्री नम्बर समावेश गरिएको छ। यो पुस्तिका सामुदायिक सत्रमा वितरण गरिएको थियो .

सुरक्षित गर्भपतन सम्बन्धी पिएसए राष्ट्रिय टेलिभिजनमा लगातार १४ दिनसम्म १४ पटक प्रसारण गरियो। टेलिभिजन नेटवर्कको अनुसार यसको पहुँच युट्युबबाट १५०००, अनलाइनबाट ५०००, वास्तविक समय दर्शकहरुबाट २५०००० जनामा पुगेको थियो ।

सुरक्षित गर्भपतन र कोरोनासँग सम्बन्धित रेडियो पिएसए ७ भाषा (नेपाली, मैथली, मगर, तामा, डोटेली, लिम्बु र थारु) मा तयार गरियो। पिएसए ४३ जिल्लामा पुग्ने गरी १२ रेडियो स्टेशनबाट प्रसारित गरियो।

त्यसैगरी सातै प्रदेशमा गर्भपतनबारे लाञ्छना, मिथक, कानुनी पक्ष र युवाको विषयमा केन्द्रित रहेर ६ वटा एपिसोडको रेडियो नाटक श्रृंखला प्रसारण गरियो जसको अनुमानित पँहुच ५८००००० थियो।

अपांगता भएका व्यत्तिहरु(दृष्टिविहीन र कम दृष्टि) का लागि सुचना, शिक्षा र सञ्चार पुस्तिकाको विकास र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारसहित सुरक्षित गर्भपतनको जानकारीका लागि स्टीकर बनाइयो ।

राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँग सम्न्वय गरेर विकास गरेको सुचना, शिक्षा र संचार पुस्तिका दृष्टिविहीन र कम दृष्टिका व्यक्तिको आवश्यकता पूरा गर्न ब्रेल र ठुलो अक्षरमा पनि बनाइएको छ । यसलाई सम्बन्धित संगठन र संस्थाहरुसँग सम्न्वय गरेर प्रदेशभर वितरण गरियो ।

त्यस्तै, सुरक्षित गर्भपतनको सन्देश भएको स्टीकर यातायात समितिको मार्फत विभिन्न बस नेटवर्क अर्थात साझा यातायात, नेपाल यातायात, मयूर यातायात, पृथ्वी राजमार्ग यातायात, आदिमा प्रदान गरियो जो काठमाडौ भित्र र बाहिरको बस मार्गकालागि जिम्मेवार छन् ।

# सुरक्षित गर्भपतनको तथ्यपरक सन्देश समेट्न मिडिया फेलोशिप

सुरक्षित गर्भपतन जस्ता लान्छनायुक्त विषयहरुमा तथ्यपरक जानकारी प्रदान गर्न मिडियाको ठुलो भूमिका हुन्छ तर चेतनाको कमीका कारण नेपाली संञ्चार माध्यमले उपयुक्त शीर्षक, शब्द वा चित्रको प्रयोग गर्दैनन् वा पर्याप्त रुपमा विषयलाई समावेश गर्दैनन्। यसलाई मध्यनजर गर्दै २ ब्याचमा १६ जना मिडियाकर्मीलाई सातै प्रदेशबाट छनोट गरिएको थियो। मिडियाकर्मीहरुलाई सुरक्षित गर्भपतनको महत्वबारे स्पष्टीकरण र पहूँच सम्बन्धि तथ्यपरक जानकारी दिनको लागि २ दिने आवासिय प्रशिक्षण प्रदान गरिएको थियो। यसपश्चात् मिडियाकर्मीले महिनामा एकपटक राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा वा अनलाइन सञ्चारमा एउटा तथ्यपरक र संवेदनशील लेख प्रकाशन गरेका थिए।

सञ्चारकर्मी भएपनि मलाई महिलाको जिवनमा असुरक्षित गर्भपतनले पार्ने असरका बारेमा थाहा थिएन। मैले गर्भपतनमा तथ्यपरक तरिकाले लेख लेख्ने र कानुनकाबारे सिक्ने अवसर पाएँ, जसले गर्दा मलाई मेरो लेखहरु अझै राम्रो भएको छ जस्तो लाग्छ।

**- प्रतिभा झा (मिडिया मण्डली, मधेश प्रदेश )**

मिडियाकर्मीहरुले २२ वटा लेख प्रकाशित गरेका थिए। लेखहरुमा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारका आधारभूत कुराहरु देखि थप संवेदनशील मुद्धाहरु जस्तै सुरक्षित गर्भपतनको पहुँचका चुनौतीहरु, यसमा युवाको पहुँच आदि जस्ता विविध मुद्धाहरु समावेश गरिएको थियो .







**तस्विर ९ - प्रकाशन गरिएका लेखहरु**

गर्भपतनमा युवाको पहुँचका लागि युवा (Youth For Access to Abortion for Youth) परियोजना अन्तर्गत अङ्ग्रेजी र नेपाली भाषामा “गर्भपतन सम्बन्धि रिपोर्टिङ कसरी गर्ने? मिडिया र आम सञ्चारकर्मीका लागि टुलकिट” नामक मिडिया टुलकिट बनाइएको थियो। गर्भपतनमा युवाको पहुँचका लागि युवा कार्यक्रम अन्तगत र सञ्चारक्रमीहरुलाई नेपाली र अंग्रजी भाषामा टुलकिट विकास गरियो । यो टुलकिट संचार र संचारकर्मीहरुका लागि बनाइयो र यसले उहाँहरुलाई सम्बोधन गरेर गर्भपतनको अधिकारमा आधारित र तथ्यपरक रिर्पोटिङ गर्न सहज बनायो । दुबै टुलकिट हाम्रो वेबसाइटमा उपलब्ध छन् । Media Toolkit on How to Report on Abortion.

# सफलताका उदाहरणहरु

## व्यक्तिगत रुपान्तरणको कथा



**तस्विर १० - गोरख सार्की, युवा अभियन्ता, सुदुरपश्चिम प्रदेश**

> जब मैले अरु सहभागी र आयोजकलाई यसमा खुलेर बोलेको देखेँ, मैले यस विषयलाई अधिकारको दृष्टिकोणबाट हेर्न थालेँ। आज म मेरो समुदायमा सुरक्षित गर्भपतनका बारेमा आत्मविश्वास र गर्वका साथ पैरवी गर्छु ।
>
> **- गोरख सार्की, युवा अभियन्ता, सुदुरपश्चिम प्रदेश**

गोरख सार्की सुदुरपश्चिम प्रदेशको धनगढी उपमहानगरपालिकाबाट हुन्। राष्ट्रिय दलित नेटवर्कको सामाजिक परिचालन अधिकारीको रुपमा काम गर्ने उनको लागि YAAY परियोजनामा सहभागी हुनु गर्भपतनमा काम गर्ने पहिलो अनुभव रहेको थियो।

उहाँ नेपालको सबैभन्दा ग्रामीण प्रदेशबाट हुन् जहाँ यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको जानकारी र पहुँच निकै कम छ। पितृसत्ता र छाउपडी जस्ता जरा गाडेर बसेका सामाजिक र सांस्कृतिक मुल्यमान्यताले गर्दा समाजमा यस्ता छलफलहरु हुँदैनन् र सेवाको पहुँचमा बाधा ल्याउँछ। सही जानकारीको कमीका कारण गर्भपतनको विषयमा अत्याधिक लाञ्छना हुने भएकाले मानिसहरु असुरक्षित तरिकाहरु अपनाउन बाध्य छन्।

सुरक्षित गर्भपतनको युवा अभियन्ताको रुपमा गोरख र उनको टिमले स्थानीय सरकार र महत्वपूर्ण सरोकारवालालाई समावेश गरि विभिन्न छलफल र कार्यशाला आयोजना गरेका थिए। गर्भपतनको बारेमा बुझाउनु अगाडि यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारोको बारेमा जानकारी दिएका थिए। यस्ता सामुदायिक कार्यक्रमले उनलाई समुदायको मानिसमा पुग्न र उनीहरुलाई प्रदेशको यौन प्रजनन् स्वास्थ्यको अवस्था र गर्भपतनको सन्दर्भ र त्यसमा गनुपर्ने कामका बारेमा जानकारी दिने अवसर दियो। यस्ता छलफल र पैरवी कार्यक्रममा २-३ सहभागीलाई यौन तथा प्रजनन् स्वास्थ्य र सुरक्षित गर्भपतनका बारेमा आफ्नो व्यक्तिगत धारणा र आवश्यकता राख्ने अवसर दिनुका साथै यसबारे थप जानकारी प्रदान गरिएको थियो। आफ्नो प्रदेशको आवश्यकता बुझ्ने अवसर दिन यस्ता कार्यक्रममा स्थानीय सरकार र नेताहरुको उपस्थिति सुनिश्चित गरिएको थियो।

सामुदायिक कार्यक्रमले गोरख र उनको टिमलाई स्थानीय सरकारसँग बलियो नेटर्वक र निरन्तर संवेदनशीलताको विकास गर्ने अवसर दियो। गोरखलाई वडाका थुप्रै बैठकहरुमा पनि बोलाइयो जहाँ उहाँले आफ्नो वडाको यौन र प्रजनन् स्वास्थ्यका लागि छुट्याइएको बजेटबारे प्रस्तुत गर्ने अवसर पाएका थिए। उनको प्रस्ताव सफल भयो र वडाले अर्को आर्थिक वर्षका लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र गर्भपतनका कार्यक्रमका लागि बजेट छुट्यायो .

गोरख भन्छन्, "दुई वर्ष अगाडि यौन तथा प्रजनन् स्वास्थ्य एक मानव अधिकारको विषय हो भन्ने कुरा मेरा लागि नयाँ थियो । यो यात्रा मेरो लागि ठुलो सिक्ने अवसर भयो र समुदायका लागि मैले केहि योगदान गर्न सकेकोमा म खुसी छु । मैले लिएको प्रशिक्षण मेरा लागि ठुलो उत्प्रेरणाको स्रोत बन्यो। गर्भपतनको बुटक्यापको सुरुवातमा म एकदम लजालु र बोल्न संकोच मान्थेँ। महिला अभियन्ताका अगाडि प्रजनन् अंगका बारेमा छलफल गर्न मलाई सहज लाग्दैनथ्यो । जब मैले अरु सहभागी र आयोजकलाई यसमा खुलेर बोलेको देखेँ, मैले यसलाई अधिकारका दृष्टिकोणबाट हेर्न थालेँ। आज म मेरो समुदायमा सुरक्षित गर्भपतनका बारेमा आत्मविश्वास र गर्भका साथ पैरवी गर्छु । यस अवसरका लागि म भिजिबल इम्प्याक्ट प्रति आभारी छु।"

## *YAAY* - युवाले नेतृत्व गरेको संस्थाको विकासको कथा



तस्विर ११ - युवा विजयीहरुले क्षमता विकासको बुटक्याम्प लिँदै

Safe Abortion Action Fund (SAAF) को आर्थिक सहयोगमा सञ्चालन भएको Youth for Access to Abortion for Youth (YAAY) परियोजना युवाको नेतृत्वमा सञ्चालित संस्थाको विकासको लागि सहयोगी साधन बनेको छ।

भिजिबल इम्प्याक्ट सुरक्षित गर्भपतनको मुद्धाहरुमा सुरुवात देखि नै काम गर्दै आएको थियो जुन राष्ट्रिय स्तरको निति निर्माणमा केन्द्रित थियो । यस परियोजनाले संस्थाको कामहरु नेपालको सातै प्रदेशमा पुर्याउने अवसर दियो। सामूदायिक कार्यक्रमका माध्यमबाट परियोजनाले तल्लो तहदेखिका सहभागीहरु जस्तै समूदायमा कम आय भएका परिवार, भौगोलिक र जातिय विविधता भएका मानिस, अशक्त व्यक्तिहरु आदिसम्म पुग्न सफल भयो। भिजिबल इम्प्याक्टले राष्ट्रिय स्वास्थ्य, शिक्षा, सुचना तथा सञ्चार केन्द्रसँग समन्वय गरेर एउटा पुस्तिकाको पनि विकास गर्यो जुन गर्भपतनको विषयमा सरकारसँगको समन्वयमा गरिएको पहिलो प्रकाशन थियो । यो परियोजनाले भिजिबल इम्प्याक्टलाई परिवार कल्याण महाशाखाको प्रजनन् स्वास्थ्य अधिकार कार्य समूह र सुरक्षित गर्भपतन उपसमितिको कार्यमा योगदान पुर्याएको छ।

साथै, स्रोतका हिसाबले ठुलो परियोजना भएकाले यसले संस्थाको निति र प्रणाली परिमार्जन गर्न सहयोग पुर्याएको छ। परियोजनाको सुरुवातमा भएको प्रशिक्षण र अरु सिकाइ र साझेदारीको कामहरुले संस्था र कर्मचारीहरुको क्षमता विकास भएको छ। SAAF ले प्रदान गरेको स्रोत, साधन र कागजातको प्रयोगबाट संस्थाको आफ्नो सूचना, शिक्षा र सञ्चार साम्रागीहरु बनाइएको छ।
SAAF लचिलो र सहयोगी दातृ संस्था भएकाले सहज अभिव्यक्तिको अवसर दियो जसले परियोजनाको प्रभावकारीतामा सहयोग पुर्याएको छ।

युवाको नेतृत्वमा सञ्चालित संस्थाहरुले आफ्नो अधिकार र स्रोत सुरक्षित गर्न संघर्ष गरिरहेको परिस्थितिमा यो परियोजनाले युवा नेतृत्वको वकालतमा गरेको लगानीले धेरै ठुलो र दिगो परिणाम ल्याउने कुरामा सबहयोगी बनेको छ।

## पैरवीमा मिडियाको शक्तिको कथा



तस्विर १२ - प्रतिभा झा, मिडिया फेलो, मधेश प्रदेश

प्रतिभा झा पेशाले पत्रकार र कानुनकी विद्यार्थी हुन्। उनले १७ वर्षकी हुँदा आफ्नो मातृभाषा मैथिलीमा रेडियो कार्यक्रम उदघोषण गर्ने मौका पाएर रेडियो जकीको रुपमा काम गरिन्। उनलाई पत्रकारितामा रुचि लागेर पत्रकारितामा लागेकी हुन् र आज आफ्नो पेशाबाट यति धेरै जीवन छुन पाएकोमा उनी गर्व गर्छिन्।

तस्विर १२ - प्रतिभा झा, मिडिया फेलो, मधेश प्रदेश
उनले रेडियो मिथिला, अपन टिभी, देश संञ्चार लगायतका सञ्चार माध्यसँग काम गरेकी छिन्। मधेस प्रदेशको जनकपुर क्षेत्रमा हुर्किएकाले मिडिया सामाग्री संकलन गर्दा त्यहाँका महिला र किशोरीले यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहँचमा भोगेका बाधाका बारेमा उनी परिचित भइन्। उनले यी महिला र किशोरीको आवाज बनेर मधेशका महिलाले भोगेका समस्या देखाउने अठोट लिइन्। यसैले उनलाई भिजिबल इम्प्याक्टको मिडिया फेलोशिपमा भाग लिन प्रेरित गर्यो ।

> "यो फेलोशिप मेरा लागि अत्यन्तै लाभदायी रह्यो । यसपछि पनि म र मेरा सहयात्री यस विषयमा लेखि रहन्छौं । यो फेलोशिप प्रत्येक प्रदेशमा कम्तिमा दश जना सञ्चारकर्मीलाई प्रदान गर्न सके थप प्रभावकारी लेखहरु मिडियामा देख्न सकिन्थ्यो" प्रतिभा सुझाव दिन्छिन् ।

साफ फेलोसिपले उहाँलाई सुरक्षित गर्भपतनको महत्वबारे जानकारी दियो र यस विषयमा उनलाई थप ज्ञान दियो। उनले आफ्नै पनि गर्भपतनप्रति नकारात्मक दृष्टिकोण रहेको तर यो विषयलाई मानव अधिकारको दृष्टिकोणबाट हेर्दा भने आफ्नो धारणा परिवर्तन भएको बताइन्। मिडियाले यस विषयबारे सही चित्र र शब्दको प्रयोग गर्नुपर्ने कुराले उनलाई निकै छोयो र आफ्नो फेलोशिपको समयमा उनले स्थानीय अनलाइन पोर्टलमा ३ वटा लेख प्रकाशित गरिन्। उनका सहकर्मी र सिनियरहरुले उनको लेखको प्रशंसा गरे। उनी भन्छिन्, "म खुसी छु कि मेरा सहकर्मी पत्रकारहरुले पनि यस विषयमा लेख्न थाल्नु भएको छ । अरुले पनि ४ वटा लेख प्रकाशित गरिसक्नु भएको छ।"

यद्यपी, मधेसी महिला भएकाले सुरक्षित गर्भपतनका बारेमा लेख्न त्यति सहज भने थिएन। परिवारले उनलाई अरु कुनै विषयमा नलेखेर युवाहरुको सुरक्षित गर्भपतनबारे बोलेको भनेर प्रश्न गर्न थालेका थिए। प्रमाणित तथ्यांक संकलन गर्नु पनि चुनौतीपूर्ण थियो । उनी थुप्रै सरकारी संस्था र समुदायमा तथ्यांक संकलन गर्न पुगिन्। प्रतिभा भन्छिन्, "त्यसै क्रममा मैले महत्वपूर्ण सरोकारवालाहरुसँग सम्बन्ध विस्तार गरेँ र मलाई अब यस विषयमा सजिलै लेख्न सक्छु भन्ने आत्मविश्वास छ।"

गर्भपतनको भोगाइका कथा संकलन गर्दै गर्ने क्रममा उनको एक गाउँकी शिक्षिकासँग भेट भयो । शिक्षक भएपनि उहाँलाई सुरक्षित गर्भपतन सेवा कसरी लिने भनेर स्पष्ट जानकारी नभएका कुराले प्रतिभा आश्चर्यमा परिन् । सामुदायिक लान्छनाका कारण उनले असुरक्षित गर्भपतन सेवा लिएकाले उहाँले झण्डै ज्यान गुमाउनु परेको थियो । शिक्षिका अहिले गर्वका साथ भन्नुहुन्छ, "आजभोलि समुदायका महिलाहरु सुरक्षित गर्भपतनको जानकारीका लागि म कहाँ आउनुहुन्छ । मेरो सहयात्रीले पनि म कहाँ पठाउनु हुन्छ, उनीहरु यस विषयमा म विशेषज्ञ हुँ भन्छन् ।"

# परियोजनाको सफलता सुनिश्चित गर्ने सफल गतिविधिहरु

## कोरोनाको समयमा द्रुत समायोजन

काम गर्दै सिक्दै अगाडी बढ्यो र सिकेका कुरा तत्पश्यात समायोजनका लागि लागु गर्दै लगियो । उदाहरणका लागि, कोरोना र त्यसले निम्त्याएको लकडाउन परियोजनाका सुरुवाती समयमा ठुलो चुनौतीका रुपमा रह्यो । लचिलो दाता साझेदारीले गर्दा छिटो समायोजन गर्ने मौका पनि दियो ।



**तस्विर १३- लकडाउन पछिको सामुदायिक सत्र**

अफलाइन प्रशिक्षणका लागि तयार गरिएको बुटक्याम्प पुस्तिकालाई अनलाइन संस्करणमा रुपान्तरण गरियो । अफलाइन प्रशिक्षणको एक समूहलाई दुई समुह गरि थुप्रै सत्रमा विभाजन गरियो । लकडाउनका कारण थुप्रै मानिसहरु टेलिभिजन हेर्न थालेको भएर नाट्यशालाका लागि बनाइएको पि।एस।ए लाई टेलिभिजनमा सारियो । त्यसैगरी फुटसलबाट युवामा पुग्ने योजनाको सट्टा स्थानीय भाषामा बनाइएको पिएसए ले अझ गहिरो प्रभाव पार्यो ।

सरुवातमा लबी बैठक सम्भव नभएकाले सोको तयारीका लागि संक्षिप्त प्रादेशिक मुद्धा बनाउन थालियो । सान्दर्भिकता अनुसार परियोजनाको निरन्तर समायोजन गरियो ।

## अनलाइन गतिविधिलाईभौतिक कार्यक्रमले परिपूर्ति

पहिलो लकडाउन खुकुला भएसँगै भिजिबल ईमप्याकटले युवा अभियान्ताको अनलाइन तालिमलाई परिपूर्ति गर्न र स्थानीय र प्रादेशिक पैरवीको यात्रालाई मार्गदर्शन दिन मध्यावादी समीक्षा र रिफ्रेसेर तालिम आयोजना गर्यो । पुरानो अनुभवले के सिकायो भने सबै ठाँउमा राम्रो संचार सेवा नभएको नेपाल जस्तो देशमा अनलाइन माध्यमबाट मात्र मेन्टरिङ्ग प्रभावकारी हुदैन । यघपी, यसलाई भौतिक कार्यक्रमसँग जोडेर लग्दा युवा अभियान्ताको क्षमता विकासमा पाइयो । भौतिक रुपमा सिकाइ
आदानप्रदानको अन्य अवसर निरीक्षण भ्रमणमा पनि मिल्यो ।




**तस्विर १४- मधेश प्रदेश र गण्डकी प्रदेशमा निरीक्षण भ्रमण**

## अग्रस्थानमा युवा सहभागिता



**तस्विर १५- बागमती प्रदेशका सरोकारवालासँग सामुहिक सत्र**

गर्भपतनमा युवाको पहुँचका लागि युवा' (YAAY) परियोजना युवाका लागि युवाद्धारा नै विकास गरिएको परियोजना हो। यौन स्वास्थ्यको विषय युवा वर्गसँग छलफल गर्नु असामान्य मानिने समाजमा युवाका लागि सुरक्षित गर्भपतनको पैरवी गर्नु चुनौतीपूर्ण थियो । यद्यपी परियोजनाले युवालाई परिचालन गरेर उनीहरुलाई अग्रस्थानमा राखि समुदायमा परिवर्तनको नेतृत्व सुनिश्चित गर्यो। अवसर नपाएका युवाहरुले पनि आफ्नो लागि आवाज उठाउने अवसर पाए जसले निती निमार्णको तहमा युवाका विषय समावेश हुनुको सुनिश्चितता कायम गर्यो । यसले परियोजनाको अन्त्य पछि पनि समुदायमा दिगो प्रभाव पनि सुनिश्चित गर्यो।

## सबैमा एउटै तरिका भन्दा प्रदेश अनुसार फरक तरिकाको प्रयोग

यस परियोजनाले सातै प्रदेशमा प्रदेशको आफ्नो सन्दर्भ, आवश्यकता र अनुकूलता अनुसार काम गर्‍यो । यस परियोजना अन्तर्गत युवालाई आफ्नै नेतृत्वमा प्रदेशको आवश्यकता अनुसार आफ्नो कार्ययोजना निर्माण गर्ने अवसर थियो। कुनै प्रदेशले नीति निर्माताामा यस विषय प्रति संवेदनशील बनाउन र कुनैले स्वास्थ्यकर्मीलाई र युवालाई परिचालन गर्नमा केन्द्रित रहेका थिए। यसरी सामुदायिक कार्यक्रममा हुने छलफलको विषयमा विविधता थियो । सबै प्रदेशमा एउटै तरिका भन्दा सन्दर्भ अनुकूल अपनाइएको प्रकृयाले समुदायको इच्छा, शक्ति र अपनत्व वृद्धि गर्‍यो ।

## निरन्तर मेन्टोरिङ र अनुगमन



तस्विर १६ - सुदुरपश्चिम प्रदेशको समुदायमा सत्र

काठमाण्डौँबाट निरन्तर सहयोगका साथ यस परियोजनाले समूदाय स्तरमा नै परिवर्तनमा जोड दियो।

परियोजना टिमले प्रत्येक युवा अभियन्ता र मिडियाकर्मीलाई निरन्तर निर्देशन र समस्या निवारणका लागि सहायता गरिरह्यो । समूहमा छलफल, प्रत्येकसँग कुराकानी र फलो अप कल गरेर सिकाइ र ज्ञान साटासाटलाई बढावा दिइयो।

## स्वास्थ्य र गर्भपतनबारे छलफल

समुदायमा खुल्लारुपमा सुरक्षित गर्भपतनबारे छलफल गर्न सहज थिएन। महानगरपालिका जस्ता सुगम क्षेत्रमा पनि यस विषयबारे छलफल सुरु गर्न असहज नै थियो। तर युवा अभियन्ताहरुले यस विषयमा प्रवेश गर्नु अगाडि ढाँचा परिवर्तन गरि स्वास्थ्यको विषयबाट सुरु गरेरयौन तथा प्रजनन स्वास्थ्य र अन्तमा सुरक्षित गर्भपतन बारे छलफल गरि यसलाई अधिकारको विषयको रुपमा स्थापित गरे जुन प्रभावकारी हुन पुगेको थियो।

## स्थानीय मिडिया फेलोशिप

नसमुदायमा सुरक्षित गर्भपतनको तथ्यपरक जानकारी पुर्याउन मिडिया फेलोशिपको कार्यक्रम सुरु गरियो। मिडियाकर्मीको पहिलो ब्याचमा राष्ट्रिय स्तरका मिडियाहरु पनि समावेश भएका थिए। राष्ट्रिय स्तरका मिडियाहरु निकै व्यस्त भएको र फेलोशिप पूरा गर्ने सम्भावना कम भएकाले स्थानीय र अनलाइन मिडियामा कार्यक्रमको ध्यान केन्द्रित गरियो। यसले गर्दा प्रकाशित लेखहरु स्थानीय सन्दर्भमा केन्द्रित गराउन सहयोग पुग्यो। स्थापित भैसकेका पत्रकार भन्दा युवा पत्रकारहरु यसका लागि बढी उत्सुक र प्रतिबद्ध देखिए किनभने उनीहरुले यसलाई सिक्ने अवसरका रुपमा लिए।



तस्विर १७ - मिडियाकर्मीलाई प्रशिक्षण

## निरन्तर मेन्टोरिङ र अनुगमन

समुदायिक सत्रबाट सुरक्षित गर्भपतनबारे सुचना प्रदान गर्नु परियोजनाको मुख्य गतिविधि भएपनि सिकाइलाई थप प्रभावकारी बनाउन अन्य विधिहरु प्रयोग गरियो। सामुदायिक सत्रमा दिने सुरक्षित गर्भपतनको सेवाको उपलब्धता र कानुनी प्रावधानको सन्देशलाई जोड दिन विभिन्न पुस्तिका र फ्लायर, पोजिसन पेपरहरु, मिडियाका लेखहरु, स्टिकर, रेडियोमा स्थानिय भाषामा पिएसए, सामाजिक सञ्जालमा लेख र सामाग्रीहरुको प्रयोग गरियो।

## लचिलो साझेदारी

कार्यक्रम तर्जुमा र पुनरावलोकनका सवालमा साफको लचिलो र सहयोगी नीतिका कारण समुदाय स्तरको वास्तविक आवश्यकता अनुसार कार्यक्रम समायोजन गर्न सहयोग पुग्यो।

# के युवाले नेतृत्व गरेको पैरवी प्रभावकारी छ त ?

# छ ।




### यदि कार्यक्रमको ढाँचा युवामैत्री भयो भने

युवाहरु सधैँ नयाँ किसिमको काममा संलग्न हुन खोजिरहेका हुन्छन्। उनीहरुलाई लक्षित गरि बनाइएको कार्यक्रम र सामाग्रीहरु रमाइलो र जानकारीमुलक हुनुपर्छ। यस परियोजनाको सुरुवातमा युवा अभियन्ताका लागि सञ्चालन गरिएको बुटक्याम्प अनलाइन भएतापनि युवामैत्री सिकाइका विधीहरु प्रयोग गरिएको थियो । रिफ्रेसर तालिममा पनि भाषण प्रशिक्षण विधि नभई अन्तरक्रियात्मक बनाइयो र परियोजना भरि नै यस्तै युवामैत्री सिकाइका तरिकाहरु प्रयोगमा ल्याइएको थियो।

### निरन्तर मेन्टोरशिप उपलब्ध भयो भने

युवाहरुले सजिलै आफ्नो सहभागीता देखाउँछन् तर सजिलै छोड्न पनि उनीहरुलाई समय लाग्दैन। उनीहरुले आफ्नो जिम्मेवारी प्रभावकारी ढंगले पुरा गर्नका लागि निरन्तर मेन्टोरशिपको आवश्यकता हुन्छ । युवाहरुसँग काम गर्दा एक पटक दिइएको प्रशिक्षण विरलै प्रभावकारी हुन्छ। उनीहरुसँग निरन्तर कुराकानी र फलोअप गरेमा थोरै लगानीले पनि धेरै प्रभावकारी परिणाम दिन सक्छ।

## परिवर्तनको नेतृत्व युवाले गरे भने

परियोजनाको नेतृत्व युवाले गरेको हुनाले समुदाय, युवा र परियोजना व्यवस्थापन टिम बिचको कुराकानी र समन्वय सहज बन्न पुग्यो। यसले धेरै हदसम्म प्रभावकारी सिकाइ र साझेदारीलाई सहयोग पुर्यायो। त्यसैले समग्र र दिगो पहुँचका लागि परिवर्तनको नेतृत्व युवाले गर्न आवश्यक छ ।

युवाहरुलाई पारिश्रमिकको लाभ भन्दा नेतृत्व विकास जस्तो अवसरले प्रेरित गर्छ। नेतृत्वका लागि उचित सल्लाह र ठाउँ दिँदा उनीहरुलाई समुदायमा देखिने र काम गर्ने प्रेरणा हुन्छ। भिजिबल इम्प्याक्टले युवा अभियन्ताहरुलाई परियोजनाका कार्यक्रम भन्दा बाहिर अन्य फोरम र मञ्चमा पनि संलग्न हुने अवसर दियो र उनीहरुको जानकारीको लागि स्रोतसामाग्रीहरु उपलब्ध गरायो। युवाहरुले संस्थासँग संलग्न हुँदा उनीहरुको नेतृत्वको विकास हुने र करियरमा सहयोग पुग्ने हुँदा उनीहरुको सहभागीता अझै प्रभावकारी हुन पुग्छ।



मलाई पुरुष भएकाले समुदायमा सुरक्षित गर्भपतनको सत्रको नेतृत्व गर्न गाह्रो हुन्छ भन्ने लाग्थ्यो। तर सहभागीले उनीहरुलाई प्रशिक्षित युवाले सुरक्षित गर्भपतनमा जानकारी प्रदान गरेको देख्दा निकै प्रशंसा गरे ।

**- निसान राणा, युवा अभियन्ता, लुम्बिनी प्रदेश**

## युवाहरुलाई उचित पारिश्रमिक दियो भने

युवाहरु पारिश्रमिक बिना पनि काम गर्न इच्छुक भएता पनि उनीहरुको समय र मेहेनतका लागि पारिश्रमिक दिनु आवश्यक हुन्छ । भिजिबल इम्पयाक्टले युवा अभियन्तालाई स्वंयसेवकको रुपमा परिचालन गरि प्रत्यक्ष रुपमा लागेको खर्च बेहोरे तापनि, उनीहरुको समयको कदर गरि उचित पारिश्रमिक दियो भने उनीहरुको हौसला अझ बढ्ने कुरा परियोजना टिमलाई महसुस भएको छ ।

## कार्यक्रम छाड्ने प्रवृत्ति कम गर्न उत्प्रेरित गर्न सकियो भने

परियोजनाको सुरुवातमा युवा अभियन्ताले कार्यक्रम छाड्ने प्रवृत्ति समस्याको रुपमा पहिचान भएको थियो। केहि युवाहरुले जागिर वा उच्च शिक्षाका लागि बिचमै कार्यक्रम छाड्नु परेको थियो। तर भिजिबल इम्प्याक्टले प्रत्येक प्रदेशबाट ५ युवा अभियन्ता छनोट गर्यो जुन प्रभावकारी साबित भयो किनभने यो तरिकाले गर्दा सिकाइ र नेटवर्कको अवसर प्रदान गर्यो र कुनै एक सहभागीले छाडेपनि जिम्मेवारी हस्तान्तरण सहज नै भयो।




तस्विर १८ - कर्णाली प्रदेशका सरोकारवालासँग सामुहिक सत्र

## समुदायमा घुलमिल भएका युवाहरुले नेतृत्व गरे भने

समुदायमा पहिल्यै संलग्न भएका युवाहरुको दाजोमा पुर्व संलग्नता नभएका युवाहरुले थप संघर्ष गर्नुपर्यो । सामाजिक अभियान्ता लिदा, पुर्व अनुभव र संलग्नता भएको व्यक्ति आवश्यक हुन्छन जसले गर्दा सम्बन्ध निर्माणमा छोटो समय लाग्छ र परियोजनाका अरु काम छिटो अगाडि बढ्छ ।



# हामी गर्व गर्छौं किनकि

को माध्यमबाट युवाको नेतृत्वमा सुरक्षित गर्भपतनबारे छलफल स्थापित गरियो। गर्भपतन सम्बन्धि लान्छना रहेका समुदायमा मानिसहरुले सुरक्षित गर्भपतनकाबारे छलफल गर्न थाले। यस विषयमा जानकारी र प्रशिक्षण प्राप्त गरेका हाम्रा देशभरका ३५ युवा अभियन्ताले यो परियोजना पछि पनि निरन्तर संवेदनशीलताका साथ पैरवी गरिरहने छन् । यी युवाहरुले यस विषयमा छलफल मात्र हैन परिवर्तनको नेतृत्व समेत गरिरहेका छन् । उनीहरुलाई सरकारद्वारा सुरक्षित गर्भपतनको कार्यक्रम निर्माण र बजेट विनियोजनमा निमन्त्रणा पनि गरेको छ।

यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको विषय निकै वृहत भएकाले सुरक्षित गर्भपतन जस्ता विषयको बारेमा समाजमा खुलेर छलफल हुँदैन, तसर्थ हामीले महत्वपूर्ण स्रोतको विकास गरि युवाहरुमा गर्भपतनलाई अधिकारको दृष्टिकोणबाट आवाज उठाउन र सँगसँगै प्रदेश र स्थानिय तहमा यसको पैरवी गर्ने क्षमताको विकासमा ध्यान दिएका छौँ ।

समग्रमा, नीतिगत छलफल स्थानिय तह सम्म पुगेको छ । स्थानिय तहसम्म सहकार्य पनि भइरहेको छ र प्रदेशले आफ्नो निती तथा कार्यक्रममा युवा मैत्री यौन तथा प्रजनन स्वास्थ्य अधिकार र गर्भपतन समावेश गर्दै आइरहेका छन् ।

**- परियोजना टिम**